# उत्तरगया गाउँपालिका गाउँसभाको बैठकमा गाउँपालिका उपाध्यक्ष श्री चमेली गुरुङद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

२०८१ साल असार ७ गते

चमेली गुरुङ
उपाध्यक्ष

कार्यपालिकाको
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल

## आ.व २०८१/०८२ को बजेट वक्तव्य

सभाका अध्यक्ष महोदय, गाउँसभा सदस्यज्यूहरु, गाउँ कार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुखज्यूहरु, सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

सङ्घीय र प्रदेश सरकारले आ.व. २०८१/०८२ का लागि आ–आफ्नो कार्यक्रम तथा बजेट र योजना पेश गरिसकेकाले नेपालको संविधानको धारा (५९) को उपधारा (३) र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम स्थानीय सरकारको हैसियतले हामी आ.व. २०८१/०८२ को कार्यक्रम तथा बजेट र योजना पेश गर्ने चरणमा छौं । संविधान प्रदत्त हक अधिकार सहित गठित यस उत्तरगया गाउँपालिकाको आ.व २०८१/०८२ को बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष पेश गर्न प्रस्तुत भएको छ । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा हक अधिकारको प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै घाइते र बेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

**सभाध्यक्ष महोदय,**

यस सभामा उत्तरगयाबासीको इच्छा र आवश्यकतालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेट र योजना यस सम्मानित सभा मार्फत समग्र उत्तरगया गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, विभिन्न सरकारी

चमेली गुरुङ
उपाध्यक्ष

बागमती प्रदेश नेपाल
२०७३

तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियान्ताहरु, शिक्षक, सम्पूर्ण कर्मचारी वर्ग, पत्रकार, तथा समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं योजनाको समिक्षा, सोह्रौं योजना, उत्तरगया गाउँपालिकाको २० वर्षे गुरुयोजना, गाउँपालिकाको दोस्रो आवधिक योजना , गाउँपालिकाको आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम,नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य, बागमती प्रदेश सरकारको आ.व २०८१/०८२ को बजेट वक्तव्य र माननीय सदस्यहरुबाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छ । उत्तरगया गाउँपालिकाको भूबनोट, विविधतायुक्त प्रकृति र समाज, आम नागरिकको इच्छा आकांक्षा र सीमित स्रोतको समन्यायिक वितरण सहितको आधारलाई आत्मसात् गरी " **समृद्ध उत्तरगया, सभ्य र खुसी उत्तरगयाबासी** " को सोच सहित तर्जुमा गरिएको यस बजेटले उत्तरगया गाउँपालिकाको सर्वाङ्गीण विकासमा नयाँ अध्यायको थालनी गर्नेछ भन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

आगामी कार्यदिशा स्पष्ट हुने गरी बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. उपलब्ध प्राकृतिक श्रोत, साधन, अवसर र श्रमशक्तिको महत्तम परिचालनबाट उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने,

ख. कृषि, पशुपालन र साना तथा घरेलु उद्योग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भरता र स्थायित्व हासिल गर्ने,

ग. स्थानीय जनसहभागितामा आधारित पूर्वाधार निर्माणको कार्यलाई थप प्रभावकारी बनाइ दिगो र उत्थानशील संरचना निर्माण गर्ने,

चमेली गुरुङ
उपाध्यक्ष

घ. प्रत्येक नागरिकले सहजरुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

ङ. गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण र प्रवर्धन गरी आन्तरिक पर्यटन विकासमा जोड दिने,

च. सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने ।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्यहरु हासिल गर्न बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छु ।

१) प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,

२) पूर्वाधार विकास र पूँजी निर्माण,

३) आन्तरिक स्रोत पहिचान, राजस्व वृद्धि र आत्मनिर्भरता,

४) आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त शिक्षाको प्रत्याभूति,

५) गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच, अविछिन्न पर्याप्तता, पारदर्शिता र व्यापकता,

६) पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन तथा पुनरुत्थान,

७) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रको पहिचान,

८) उद्यमशीलताको विकास, रोजगारी सिर्जना, जनताको जीवन स्तर वृद्धि र गरिबी न्यूनीकरण,

९) सहभागितामा आधारित दिगो भौतिक पूर्वाधार विकास, सडक सञ्जाल तथा सामाजिक विकास,

१०) स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा आधारित उद्यमशीलता विकास,

११) खानेपानी, सरसफाई तथा स्वच्छताका लागि सबैलाई सर्वसुलभ रुपमा पर्याप्त, सुरक्षित खानेपानी तथा स्वच्छता सेवामा समन्यायिक पहुँचको विकास,

चमेली गुरुङ
उपाध्यक्ष

१२) लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास,

१३) वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण,

१४) आन्तरिक उत्पादनको बजारीकरण,

१५) साझेदारीमा आधारित कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रम मार्फत स्थानीय आय आर्जनमा अभिवृद्धि ।

सभाध्यक्षज्यू,

अब म गत आ.व. २०७९।०८० को यथार्थ, चालु आ.व. २०८०।०८१ को संशोधित अनुमान तथा आगामी आ.व. २०८१।०८२ को आय व्यय को अनुमान पेश गर्ने अनुमती चाहन्छु ।

गत वर्ष २०७९।०८० मा ४० करोड ३९ लाख ७९ हजार ४ सय १९ रुपैया र पैसा ५३ मात्र विनियोजन भएकोमा चालु खर्च तर्फ २१ करोड ९८ लाख ५६ हजार १ सय ७७ रुपैंया पैसा २३ र पूँजीगत तर्फ ९ करोड ७४ लाख २२ हजार १ सय ९१ रुपैया पैसा ५४ गरी जम्मा खर्च ३१ करोड ३२ लाख ७८ हजार ३ सय ६८ रुपैंया पैसा ७७ मात्र खर्च भई समष्टिगत रुपमा ७८.५३ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

यसै गरी चालु आ.व २०८०/०८१ को कुल बजेट रु. ४० करोड ३६ लाख २९ हजार ३ सय ७५ रुपैंया पैसा ६७ मात्र संशोधित अनुमान गरिएकोमा आज मिति २०८१ असार ६ गत्ते सम्ममा चालु तर्फ १६ करोड ५० लाख १७ हजार ९ सय ९२ रुपैया पैसा ७१ र पूँजीगत तर्फ ५ करोड ११ लाख ४९ हजार ८ सय १ रुपैंया पैसा २१ मात्र खर्च भई समष्टिगत रुपमा ५३. ५५ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

चमेली गुरुङ
उपाध्यक्ष

लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

सभाध्यक्ष महोदय,

आगामी आ.व २०८१/०८२ मा जम्मा आय रु.३९ करोड ९९ लाख ९९ हजार ३ सय ५० हुने अनुमान गरिएको छ। जसमा संङ्घीय सरकार तर्फ समानीकरण तर्फ ७ करोड ६७ लाख, सशर्त अनुदान तर्फ १४ करोड १८ लाख १२ हजार, विशेष अनुदान तर्फ २ करोड ७० लाख, समपूरक तर्फ १ करोड १५ लाख, प्रदेश समानीकरण तर्फ ७१ लाख ६८ हजार, १ करोड ६५ हजार ८६ हजार, विशेष अनुदान तर्फ ५१ लाख, समपूरक तर्फ .१ करोड ५० लाख, संङ्घीय राजस्व बाँडफाँड तर्फ ५ करोड ८२ लाख, प्रदेश राजस्व बाँडफाँड तर्फ १ करोड ५० लाख ३३ हजार ३ सय ५०, स्थानीय राजस्व बाँडफाँड तर्फ ५ लाख, आन्तरिक श्रोत तर्फ २ करोड ५४ लाख प्राप्त हुने अनुमान छ।

साथै सहयोगी हातहरुको समूह साहस नेपालबाट रु. ३२ लाख ७६ हजार ५ सय ५० र हेफर प्रोजेक्ट नेपालको तर्फबाट रु. ४२ लाख ८५ हजार ८ सय ५७ रुपैंया मात्र गरी कुल जम्मा रु. ७५ लाख ६२ हजार ४ सय ७ रुपैंया गरी संस्थागत साझेदारी मार्फत खर्च हुने अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आ.व २०८१।०८२ को लागि छनौट गरिएका मुख्य मुख्य योजनाहरुको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

सङ्घीय सरकारको विशेष अनुदान मार्फत खाल्टे बस्ती तथा *ढुङ्गे बस्ती संरक्षणको लागि रु. २ करोड* ७० लाख विनियोजन गरेको छु ।

सङ्घीय सरकार समेतको समपुरक अनुदान हुने गरी वडा नं ३ र वडा नं ५ कार्यालय भवन निर्माणको लागि रु. २ करोड ३० लाख विनियोजन गरेको छु ।

चमेली गुरुङ
उपाध्यक्ष

बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गत भांगे खोला घडेरी डाँडा सडक स्तरोन्नती गर्न २ करोड विनियोजन गरेको छु ।त्यसै गरी बागमती प्रदेश सरकारसँग समपूरक हुने गरी ढुंङ्गे आधारभूत विद्यालय भवन निर्माणमा रु १ करोड विनियोजन गरेको छु।

बागमती प्रदेश सरकारको विशेष अनुदान मार्फत जमरी खोला काभ्रे खोला बनुवा खानेपानी योजनामा रु. ५१ लाख विनियोजन गरेको छु ।

साझेदारिमा कृषि तथा पशुपालन उद्यमशिलता कार्यक्रमका लागि रु. १ करोड विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षमा गाउँपालिकाको तर्फबाट बाँडफाँड योग्य रकम रु १८ करोड ३० लाख १ हजार ३ सय ५० मध्ये तपसिल बमोजिम रहने गरी कार्यक्रम पेश गरेको छु ।

तपशिल

| क.स | विवरण | आ.व २०८१/०८२ को बजेट सीमा |
|---|---|---|
| १ | वडा समिति तर्फ चालु खर्च | २४ लाख |
| २ | विषयगत क्षेत्र तर्फ | |
| क. | शिक्षा, युवा तथा खेलकुद | १ करोड ८१ लाख ४०हजार |
| ख. | स्वास्थ्य तथा सरसफाई | १ करोड ९ लाख २९ हजार |
| ग. | आयुर्वेद तथा वैकल्पिक चिकित्सा | ९ लाख ५० हजार |
| घ. | महिला, बालबालिका, जेष्ट नागरिक तथा लक्षित वर्ग | १४ लाख ५० हजार |
| ङ. | कृषि विकास | १ करोड १० लाख ५० हजार |
| च. | पशुपंक्षी विकास | १८ लाख ७० हजार |
| छ. | न्यायिक समिति | ४ लाख ८८ हजार |
| ज. | उद्यम बिकास शाखा | १४ लाख ५० हजार |
| झ. | संस्थागत विकास तथा सुशासन | ७ करोड ८ लाख ५५हजार |
| ञ. | पर्यटन, सहकारी विकास, श्रम तथा रोजगार | |
| ट. | पूर्वाधार विकास | ५ करोड २९ लाख २६ हजार |
| ठ. | वातावरण तथा विपद ब्यवस्थापन | १ करोड ५ लाख |

चमेली गुरुङ
उपाध्यक्ष

उत्तरगया गाउँपालिका
गाउँपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

सभाध्यक्ष महोदय,

संघीयता कार्यान्वयन पश्चात् स्थानीय सरकारको भूमिका अझ गहन हुँदै गएको छ । असीमित आवश्यकता तथा चाहनाहरुका बीचमा पनि योजना तथा बजेटको सान्दर्भिकता र औचित्यतताका आधारमा सीमित स्रोत साधनको विवेकसंगत उपयोगका माध्यमबाट विकासको प्रक्रियालाई डोऱ्याउनु पर्ने चुनौतिका बाबजुद पनि सहकार्य, समन्वय तथा साझेदारीका माध्यमबाट यस उत्तरगया गाउँपालिकाले स्थानीय शासन तथा सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाई उत्थानशील गाउँपालिकाको रुपमा विकास गर्ने मुख्य ध्येय राखेको छ । यस मूल उद्देश्य साकार पार्नका लागि सम्पूर्ण गाउँपालिकाबासी, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी, गैर-सरकारी तथा सामुदायिक संघसंस्थाहरु प्रति हार्दिक अपिल गर्दछु । यस बजेटको सफल कार्यान्वयनकका लागि सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेको छु।

अन्त्यमा वजेट निर्माण कार्यमा मार्ग निर्देश गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, सभा सदस्य ज्यूहरु, लगायत बजेट निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

चमेली गुरुङ
उपाध्यक्ष